निर्णय प्रमाणित

बैठक संख्या- ३

२०८१।५।२८

मिति:२०८१।०५।२८ गतेको कार्यपालिका निर्णय

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | समीक्षा सम्बन्धमा। | मिति २०८१।०५।०४ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो।<br>समिक्षामा पाइएका बिषयहरू:<br>जम्मा ३२ वटा कार्यपालिका निर्णय भएकोमा ३० वटा कार्यान्वयन भएको र बाँकी २ वटा कार्यान्वयन चरणमा रहेको। |
| २ | उपभोक्ता समिति गठन सम्बन्धमा। | सवै वडा कार्यालयहरुले उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरुको उपभोक्ता समितिको गठन २०८१ असोज १५ गते भित्र सम्पन्न गर्ने। |
| ३ | कार्यविधि निर्माण सम्बन्धमा। | १.संस्था दर्ता ऐन तथा विधानमा पुनरावलोकन गरी आगामी कार्यपालिकामा पेश गर्न सामाजिक विकास समितिलाई जिम्मेवारी प्रदान गर्ने। |
| ४ | संस्था दर्ता सम्बन्धमा। | लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ को दफा४(३) बमोजिम कार्यपालिकामा पेश हुन आएका देहायको संस्थाहरूको संस्था दर्ता गर्ने।<br>**देहाय:**<br>१.गंगे चौक युवा क्लव, लेटाङ-४ मोरङ |
| ५ | पैनी मर्मत संभार सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं ५ मा अवस्थित मोरङ्गी खोला पूर्वपट्टी कुलोको पानी खेतमा उकास गर्नका लागि प्राविधिक स्टमेट बमोजिम रू३१६७८/- बजेट बिनियोजन गर्ने। (श्रोत: निर्मित पैनीहरूको मर्मत संभार)<br>२. लेटाङ नगरपालिका वडा नं ५ मा अवस्थित मोरङ्गी खोला पश्चिम खेरूवामा कुलोको पानी खेतमा उकास गर्नका लागि प्राविधिक स्टमेट बमोजिम रू२४१८३/- बजेट बिनियोजन गर्ने। (निर्मित पैनीहरूको मर्मत संभार) |
| ६ | भुक्तानी प्रदान गर्ने सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं ९ घर भएको स्व. डोलेश्वर पौडेलको श्रीमती श्री धनमाया पौडैलको माग निवेदन बमोजिम निजको श्रीमानको वैदेशिक रोजगारीको क्रममा दुबईमा मिति:२०८१।०५।०५ गते निधन भएको र बिबिध कारणबस नेपाल सरकारले निजको शव ल्याउने खर्च नबेहोर्ने भएको कारण साथै निजको आर्थिक अवस्था समेत कमजोर भएको भनी वडा कार्यालयको सिफारिस समेतको आधारमा काठमाडौंबाट लेटाङ-९ सम्म शव ल्याउँदाको खर्च रू२२,८७४ भुक्तानी प्रदान गर्ने। (श्रोत: विपद् व्यवस्थापन कोष)<br>२. लेटाङ नगरपालिका वडा नं ८ घर भएको पर्वत राई कर्तव्य ज्यान मुद्दामा कारागार थुनामा रहेकोमा विरामी भई उपचारको क्रममा काठमाडौंमा मिति:२०८१।०५।११ मृत्यू भएको र निजको घरायसी आर्थिक अवस्था कमजोर भएकोले शव काठमाडौं बाट लेटाङ नगरपालिका वडा नं ८ सम्म ल्याउन लागेको खर्च रू३५०००।-(आइसबक्स सहित) भुक्तानी प्रदान गर्ने। (श्रोत: विपद् व्यवस्थापन कोष) |
| ७ | क्षमता विकास तालिम सम्बन्धमा। | कानूनका आधारभूत विषयहरू कानुनको आवश्यकता र कानून तर्जुमाको आधारभुत ढाँचाका विषयमा कानून तर्जुमा समिति विधायन समिति न्यायिक समिति विज्ञ समूहलाई क्षमता विकास |

| | | |
|---|---|---|
| | | तालिम आवश्यक रहेकाले देहायको मिति र स्थानमा तालिम संचालन गर्न सहमती प्रदान गर्ने। (श्रोतः जनप्रतिनिधि क्षमता विकास तालिम शिर्षकको रकम र CDF संगको साझेदारीमा)<br>**देहायः**<br>मितिः२०८१।०६।११ र १२ गते<br>स्थानः साँगुरीगढी गाउँपालिका |
| ८ | सेवा प्रवाह मापदण्ड (SOP) सम्बन्धमा। | लेटाङ नगरपालिकाको सेवा प्रवाह मापदण्ड, २०८१ को मस्यौदा आगामी कार्यपालिकामा पेश गर्ने गरी सुशासन तथा संस्थागत विकास समितिमा अध्ययनका लागि पठाउने। |
| ९ | विपद् व्यवस्थापन सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ६ पार्टिखेत बस्ती तथा सालबारी वस्तीमा अविरल बर्षाको कारण आएको बाढी पहिरोबाट रोक्नको लागि तत्काल प्राविधिक अनुमान तयार गरी मेसिनको प्रयोगले खोला डाईभर्सन गर्नुपरेको हुँदा उक्त कामको प्राविधिक लागत अनुमान बमोजिम रू४०६००।- भुक्तानी प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष) |
| १० | मिनि मोहोत्सव सञ्चालन अनुमती सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ४ स्थित गाउँले इन्टरटेन्मेण्ट क्लबले दशै,तिहार र छैठ पर्वको उपलक्ष्यमा मिनि महोत्सव संञ्चालन गर्नका लागि माग निवेदन दिइएकोमा पछि थप नहुने गरी मिति:२०८१।०६।२४ गते देखी बढिमा १५ दिनको महोत्सव संचालनका लागि जिल्ला प्रशासन कार्यालय मोरङमा सिफारिस प्रदान गर्ने। सिफारिसमा लाग्ने राजश्व साथै अनुमती प्राप्त भएमा मनोरञ्न राजश्व अग्रिम रूपमा लिने। |
| ११ | खर्चको अनुमोदन सम्बन्धमा। | १.LISA/FRA को अभिमुखिकरण तथा सूर्योदय नगरपालिकाको असल अभ्यास पर्यटकीय क्षेत्र सुधार तथा सूचक सुधारका लागि गरिएका प्रयासका विषयमा अन्तर्क्रियात्मक कार्यक्रम प्रतिवेदनको जानकारी सहित खर्च रू २१८१२७।- अनुमोदन गर्ने। |
| १२ | कार्यबिधि स्विकृत सम्बन्धमा। | लेटाङ नगरपालिकामा आवश्यक देहाय बमोजिमको कार्यबिधि स्विकृत गर्ने।<br>१.गुनाँसो व्यवस्थापन कार्यविधि, २०८१<br>२.समुदायमा आधारित सालक संरक्षित विशेष क्षेत्र व्यवस्थापन कार्यबिधि,२०८१ |
| १३ | योजना अनुगमन ढाँचा सम्बन्धमा। | लेटाङ नगरपालिकामा योजना अनुगमन तथा प्रतिवेदन सहजिकरण गर्नका लागि संलग्न अनूसूची बमोजिमको आयोजना अनुमगन ढाँचा स्वीकृत गर्ने। |
| १४ | निजि क्षेत्रको IEE सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ३ कमलपुर क्षेत्रको श्री उत्तरमणी राईको निजि जग्गामा भएको IEE स्वीकृतीका लागि माग निवेदन प्राप्त भएकोमा प्राविधिक प्रतिवेदनले समेत स्वीकृत गर्न उपर्युक्त देखिएकाले लेटाङ नगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०७७ को दफा ७ को उपदफा ४ बमोजिम देहायको सर्तहरूको अधिनमा रहने गरी स्वीकृत गर्ने।<br>**देहायः**<br>१.उत्खन्न गर्दा स्थानीय समुदाय सँग समन्वय गर्नुपर्ने। |

मिति:२०८१।०५।२८ गतेको कार्यपालिका निर्णय बैठक संख्या- ३

| | | |
|---|---|---|
| १५ | नगरपालिका संघको पत्र सम्बन्धमा। | नेपाल नगरपालिका संघको मिति:२०८१।०५।२० गतेको चं.नं.३३ भएको पत्रानुसार नगरपालिकाको छाप, साइन, बोर्ड, लेटरहेड र कार्यक्रमहरूमा राखिने व्यानर लगायतमा स्थानीय सरकार लेख्ने सम्बन्धमा निर्णयअनुसार भएको पत्राचारको कार्यान्वयन गर्ने। |
| १६ | निगरानी दैनिक मिडियाको पत्र सम्बन्धमा। | निगरानी दैनिक मिडियाले यस लेटाङ नगरपालिकालाई संस्थागत क्षमता स्वमूल्यायंकन प्रणाली (लिजा), FRA, बेरूजु न्यूनीकरण तथा अन्य विविध बिषयको सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कमा २७६ नगरपालिकाहरूमा राम्रो नतिजा ल्याउने पालिकाहरूमा पर्न सफल भएको भनी स्थानीय सरोकार पत्रिकाको दोश्रो बार्षिक उत्सव समारोहमा सम्मान गर्ने कार्यक्रम रहेकाले उक्त कार्यक्रममा सहभागी भई सम्मान ग्रहण गर्ने। |
| १७ | लिम्बु भाषा पठन पाठन सम्बन्धी न्यूनतम शैक्षिक योग्यता सम्बन्धमा। | लिम्बु भाषा सहायक प्रशिक्षकको योग्यता माध्यमिक शिक्षा(कक्षा १२) उत्तीर्ण गरी लिम्बु भाषामा कम्तिमा ११ कक्षा वा सो भन्दा माथि अध्ययन गरेको आधारभूत भाषिक सीप भएको न्यूनतम शैक्षिक योग्यता तोक्ने। |
| १८ | अध्ययन अनुमती सम्बन्धमा | लेटाङ नगरपालिका वडा नं ९ मा अवस्थित श्री जाँते नमुना सेकेन्डरी बोर्डिङ स्कुललाई शैक्षिक सत्र २०८१ देखि कक्षा ११ मा कम्प्यूटर विज्ञान विषय थप गर्न अनुमती प्रदान गर्ने। |
| १९ | उजुरी सम्बन्धमा राय परामर्श माग गर्ने। | लेटाङ नगरपालिकामा परेको लिखित उजुरी समेतको विषयमा विद्यालयका सरकारी कोषबाट तलब भत्ता प्राप्त गर्ने वहालवाला शिक्षकहरूले सहाकरी संस्थाहरूको कार्यसिमिति (संचालक समिति र लेखा समितिमा ) पदाधिकारी वा सदस्य हुन पाउने वा नपाउने सम्बन्धमा स्प्रष्ट हुन आवश्यक भएकोले श्री सहकारी विभाग, नयाँबानेश्वर काठमाडौ सँग यस सम्बन्धी भए गरेको व्यवस्थाहरू सम्बन्धमा राय परामर्श माग गर्ने। |
| २० | नदिजन्य पदार्थको आन्तरिक खपत सम्बन्धमा | लेटाङ नगरपालिकामा असोज १ गते देखि लागु हुने गरी स्थानीय स्तरमा घर टहरा ग्वाली निर्माण गर्नका लागि नदिजन्य पदार्थको आवश्यकता पर्ने भएकाले वडा कार्यालयको सिफारिसमा तोकिएको राजश्व तिरेर नदिजन्य पदार्थको आन्तरिक व्यवस्थापन गर्ने। साथै असोज १ गतेबाट संकलन भएका ढुङ्गाहरू लाई राजश्व तिरेर प्रयोग गर्न माग निवेदन भएमा आन्तरिक उपयोगका लागि व्यवस्थापन गर्ने। |
| २१ | स्टक प्रमाणित सम्बन्धमा। | लेटाङ नगरपालिकाभित्र कानुन बमोजिम स्टक गरि राखिएको नदिजन्य पदार्थहरूको स्टक यकिन गरी प्रमाणीत गर्नका लागि वन वातावरण तथा विपद् व्यवस्थापन विषयगत समितिको संयोजक श्री डम्बरबहादुर राईलाई जिम्मेवारी प्रदान गर्ने। |
| २२ | माटो व्यवस्थापन सम्बन्धमा। | लेटाङ नगरपालिकामा संञ्चालनमा रहेका गौरवका योजनाहरूको कार्य संञ्चालन गर्ने क्रममा देहायको योजनाहरूको बाटो निर्माण गर्ने क्रममा निश्किने माटो लाई सम्झौतामा उल्लेखित क्षेत्रमा व्यवस्थापन गर्न कठिनाई भई योजना संचालनमा समस्या भएको हुँदा उक्त माटोलाई आवश्यक उपर्युक्त साथै विवाद रहित स्थानमा विसर्जन गर्नका लागि देहायको व्यवस्थापन शुल्क लिई अन्यत्र व्यवस्थापन गर्ने गरी अनुमती प्रदान गर्ने। |

| | | |
|---|---|---|
| | | **देहायको योजना:**<br>१. बेलबारी - फडानी - लोखरा - राजारानी सडक<br>२. कानेपोखरी – लेटाङ – ६ नं बुधबारे<br>३. पथरी–जाँते - ज्यामिरे सडक<br>**व्यवस्थापन शुल्क:**<br>६ चक्के सवारी साधनको हकमा– ३००<br>१० चक्के सवारी साधनको हकमा - ६०० |
| २३ | कार्यविधि निर्माण तथा सडक मर्मत संभार सम्बन्धमा। | लेटाङ नगरपालिकाका विभिन्न स्थानमा रहेका पैनीहरु वार्षिकरुपमा मर्मत सम्भार गर्नुपर्ने र पहाडीक्षेत्र लगायतका सडकहरु विभिन्न कारणवाट पहिरो गई आवत जावत असहज हुने र विध्यालय, अस्पताल, खाद्यान्न सामाग्री ढुवानीमा समेत प्रत्यक्ष असर पर्ने भएको हुदा तत्काल सडकको अवरोध हटाउनु पर्ने हुदा सो ब्यवस्थापन सम्वन्धी प्रचलित कानूनको अधिनमा रहि आवश्यक कार्यविधी निर्माण गर्न पूर्वाधार विकास समितिलाई जिम्मेवारी प्रदान गर्ने । कार्यविधि निर्माण नहुन्जेलसम्मका लागि तपसिल बमोजिम गर्ने ।<br>क. नगरपालिकावाट यथासम्भव छिटो सडक मर्मत सम्भार प्रयोजनका लागि आवश्यक मेसिन औजार ३ महिनाका लागि अन कल प्रयोगमा कामगर्न सक्ने गरी नगरका मुलसडक मर्मत संभार प्रयोजनका लागि सूचना आह्वान गर्ने र कम दररेटमा अधिक सुविधा उपलब्ध गराउने मेसिन औजार धनी /कम्पनीसंग सम्झौता गरी मर्मत सम्भार कार्य गर्ने गराउने । |
| २४ | सङ्गठन व्यवस्थापन सर्वेक्षण सिफारिस समिति गठन सम्वन्धमा। | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ६ बमोजिम संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न प्रमुख प्रशासकीय अधिकृत ज्यूको संयोजकत्वमा देहायको समिति गठन गर्ने।<br>**देहाय:**<br>संयोजक – प्रमुख प्रशासकीय अधिकृत – नारायण न्यौपाने<br>सदस्य - अधिकृतस्तर दशौं - कृष्णराज राई<br>सदस्य - अधिकृतस्तर सातौं - चेतनाथ गौतम<br>सदस्य - लेखा अधिकृत - चुणा बोहोरा<br>सदस्य - जनस्वास्थ्य अधिकृत - इन्द्र प्रसाद अर्याल |
| २५ | पारिश्रमिक छानबिन सम्वन्धमा। | लेटाङ नगरपालिकामा अवस्थित लेटाङ अस्पतालमा कर्मचारीहरूमा भएको असमान तलब सम्वन्धमा गुनासो आएकाले सो सम्बन्धमा यथार्थ विवरण पेश गर्न जनस्वास्थ्य अधिकृत श्री इन्द्रप्रसाद अर्याललाई जिम्मेवारी प्रदान गर्ने। |